# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७७ साल साउन १६ गते

भाग :- १

तातोपानी गाउँपालिकाद्वारा प्रकाशित

# तातोपानी गाउँपालिकाको सहकारी दर्ता कार्यविधि २०७७

सभाबाट स्विकृत मिति : २०७७/०३/३०

# तातोपानी गाउँपालिकाको
# सहकारी दर्ता कार्यविधि
# २०७७

**प्रकाशक**

तातोपानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

तातोपानी, जुम्ला

कर्णाली प्रदेश, नेपाल

# तातोपानी गाउँपालिकाको सहकारी दर्ता कार्यविधि २०७७

**गाउँसभाबाट स्विकृत मिति २०७७/03/30**

**प्रस्तावना :**

तातोपानी गाउँपालिका सहकारी ऐन २०७४ निर्माण भइसकेको र सो ऐनमा भएको व्यवस्थालाई पुन: व्याख्या गर्ने नियमावली समेत बनिसकेको अवस्थामा दर्ता गर्ने अधिकारीलाई थप आवश्यक कानूनी व्यवस्थाको प्रत्याभुति गर्दै सहकारी संस्थाको दर्ता अनुमति, खारेजी, नियमन तथा नियन्त्रण र अद्यावधिक गरि लगत राख्नका लागि वान्छनीय भएकाले संघीय सहकारी ऐन २०७४, तातोपानी गाउँपालिकाको सहकारी ऐन, २०७४ र तातोपानी गाउँपालिकाको सहकारी नियमावली २०७७ सँग प्रतिकुल नहुने गरि तातोपानी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरि तातोपानी गाउँपालिका क्षेत्र भरि लागू गरिएको छ ।

१. **सुचकहरु:** दर्ता गर्ने अधिकारीले वा निजले तोकेको सहकारी सम्बन्धी सम्पर्क व्यक्तिले दर्ता गर्नु अघि अनुसुची १, २ र ३ बमोजिमका सुचकहरुको जाँच गरी सहकारी दर्ताका लागि सिफारिस गर्ने ।

२. **नयाँ सहकारी संस्था दर्ताका लागि आवश्यक कागजात:** तातोपानी गाउँपालिका क्षेत्र भित्र कसैले सहकारी दर्ता गर्न चाहे अनुसूची ४ देखि १४, अनुसूची १६, वडा कार्यालयको सिफारिस, गाउँसभाले निर्धारण गरे बमोजिमको शुल्क तिरेको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

३. **सहकारी संस्थाको नियमन:** दर्ता गर्ने अधिकारीले तातोपानी गाउँपालिका सहकारी ऐन २०७४ र तातोपानी गाउँपालिकाको सहकारी नियमावली २०७७ को अधिनमा रही गाउँपालिका भित्रका सहकारी संस्थाहरुको नियमन, अनुगमन, अभिलेखीकरण आदि गर्नेछ र कानून बमोजिम पेश गर्नुपर्ने प्रतिवेदन अध्यक्ष वा गाउँकार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

# अनुसूची–१

## सहकारी सिद्धान्तसम्मतीको जाँच

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु | बेरुजु | कैफियत |
|---|---|---|---|---|
| १ | दरखास्तवालाहरु सबै जना प्राथमिक उत्पादक वा वास्तविक श्रमिक वा सर्वसाधारण हुन् । | | | |
| २ | दर्ता गर्ने संस्थाको कार्यकारण मिल्दो आवश्यक साझा बन्धन छ । | | | |
| ३ | विनियमको (दफा ८) मा सदस्यको योग्यतामा संस्थाले दिने सेवा उपयोग गर्ने अवस्थामा हुनुपर्ने (जस्तै रेसम खेती संस्थामा रेसम खेतीवाला मात्र सदस्य हुन सक्ने ) भनिएको छ । | | | |
| ४ | विनियमको (दफा १५) मा संस्थाको सदस्यता सेवा उपयोग गर्न सक्ने सबैलाई संस्थापक सदस्यहरु बराबरको हैसियतमा प्राप्त हुने गरी खुला रहने प्रत्याभुति छ । | | | |
| ५ | विनियमको (दफा १७) मा एक सेयरको मुल्य रु १००।- राखिएको छ , एक सेयर किन्ने संस्थाको सेवा उपयोग गर्न सक्ने कसैले पनि निर्बाध सदस्यता प्राप्त गर्ने सुनिश्चितता छ र (२२) मा कृत्रिम छेकबार नलगाइने उल्लेख हुनुका साथै विपन्न वर्गका कसैलाई कृत्रिम छेकबार लगाउने गरी न्यूनतम सङ्ख्यामा सेयर किन्नुपर्ने भन्ने खालको वा प्रवेश शुल्क तर्फ वा अन्यत्र कतै कुनै सर्त राखिएको छैन । | | | |
| ६ | सदस्यहरुको नित्य सहभागिताका लागि पायक मिल्ने गरी विनियमको (दफा ३१) मा गाउँ टोल उपक्षेत्रीय बैठकको व्यवस्था छ र तद अनुसार (दफा ३४) सञ्चालक समितिको गठन विधिको प्रावधान पनि राखिएको छ । | | | |
| ७ | विनियमको (दफा ५२) मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषमा घटीमा २५ प्रतिशत छुट्याएर बाँकी हुने रकम मध्येबाट सहकारी शिक्षा कोषका साथै सामुदायिक विकास कोषमा निश्चित प्रतिशत राख्ने व्यवस्था गरिएको छ । | | | |
| ८ | ▪ संस्थाको नाम देहाय बमोजिम छ :<br>▪ देवनागरीमा अर्थ खुल्ने कम्तीमा दुई अक्षरकोस<br>▪ सहकारीका साथै अन्तमा लिमिटेड शब्द परेकोस<br>▪ अनुवाद गरी अङ्ग्रेजीमा नराखिएको बरु नेपाली नाम नै अङ्ग्रेजी अक्षरमा राखिएको (जस्तो– सगरमाथालाई (एभरेष्ट नभनी सगरमाथा भनिएको)<br>▪ कल्याण, उपकार, परार्थजस्ता स्वावलम्बनको सहकारी भावनासँग मेल नखाने शब्दहरू नराखिएको;<br>▪ सहकारी सङ्गठनका मौलिकता भन्दा भिन्न स्वभावका सङ्गठन जनाउने गरी सामाजिक व्यवसाय वा व्यवसायी अथवा सामाजिक उद्यम वा उद्यमी नभनिएको;<br>▪ सङ्केत अक्षर प्रयोग नगरिएको; | | | |



| | | | | |
|---|---|---|---|---|
| | ▪ कुनै निकाय समूह वा व्यक्तिबाट प्रवर्धित भनी नजनिएको;<br>▪ व्यवसाय वा व्यवसायी अथवा सामाजिक उद्यम वा उद्यमी नभनिएको;<br>▪ सङ्केत अक्षर प्रयोग नगरिएको;<br>▪ कुनै निकाय समूह वा व्यक्तिबाट प्रवर्धित भनी नजनिएको;<br>▪ स्वीकृतभन्दा बेसी कार्यक्षेत्र नबुझाउने;<br>▪ अर्को कुनै संस्थाको नाममा उपसर्ग वा प्रत्यय नलागेको;<br>▪ बैङ्क, फाइनान्स, वित्तीय संस्था, इन्भेष्टमेन्ट, डेभलपमेन्ट वा कम्पनी जस्तो शब्द नपरेको र<br>▪ स्थानीय तहमा वा छिमेकमा एकै नाम नदोहोरिएको । | | | |
| ९ | संस्थाको विषय स्थानीय तहको सहकारी कानूनमा पहिचान गरिए बमोजिम छ वा अन्य उत्पादनमूलक, उपभोगजन्य वा श्रममा आधारित संस्थाको रूपमा दर्ता गर्न निर्विवाद औचित्य छ । | | | |
| १० | महिला संस्थाहरूमा महिला मात्रको सदस्यता हुनेमा बाहेक अन्य कुनै संस्थामा लिङ्गको आधारमा भेदभाव हुने गरी विनियममा कुनै प्रावधान राखिएको छैन । | | | |
| ११ | सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न नपाउने र निर्वाचित भइसकेपछि संस्थाको खर्चमा दिने प्रशिक्षण लिनुपर्ने व्यवस्थाबाहेक शैक्षिक प्राप्ति, अनुभव, खरिद गर्नुपर्ने सेयरको सङ्ख्या वा रकम वा त्यस्तै कुनै मापदण्ड राखेर नेतृत्व तहमा निर्वाचित हुन नसक्ने खालको व्यवस्था विनियममा खास गरी (दफा ३३, ३५, ३७, ४० वा ४१ मा) छैन । | | | |
| १२ | संस्था सञ्चालनमा सबै महत्वपूर्ण विषयहरूमा साधारण सभाको निर्णय अनिवार्य हुने प्रावधान विनियमको दफा ३० मा छ । | | | |
| १३ | सञ्चालक समितिका सदस्यहरू मध्ये उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् ४ जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन वटा फरक गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष सचिव र कोषाध्यक्ष मध्ये प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट उम्मेदवार बन्ने सकारात्मक प्रावधान विनियम (दफा ३३ र ३४) मा छ । | | | |
| १४ | अपाङ्गता भएका व्यक्ति, दलित समुदायका सदस्यहरूका साथै आर्थिक-सामाजिक रूपमा सीमान्तीकृत समूहका सदस्यहरूको सहभागितालाई बढवा दिन प्राथमिकता, छुट, सुविधालगायतका सकारात्मक प्रावधान विनियम (दफा ८७) मा छ । | | | |
| १५ | पूर्व-सहकारी शिक्षा दिइसकिएको छ । | | | |

## अनुसूची–२

## सहकारी विधि सम्मतिको जाँच

| क्र.सं. | नियामक सरोकारको विषय | रुजु | बेरुजु | कैफियत |
|---|---|---|---|---|
| १ | फरक परिवारका न्यूनतम सङ्ख्या पुग्ने उपस्थितिमा पहिलो प्रारम्भिक भेला बसी अनुसूची ४ मा उल्लिखित कार्यसूचीमा छलफल गरेर निर्णयहरू भएको देखिने कारवाही किताबको प्रमाणित प्रतिलिपि छ। | | | |
| २ | फरक परिवारका न्यूनतम सङ्ख्या पुग्ने उपस्थितिमा दोस्रो प्रारम्भिक भेला बसी अनुसूची ५ मा उल्लिखित कार्यसूचीमा छलफल गरेर निर्णयहरू भएको देखिने कारवाही किताबको प्रमाणित प्रतिलिपि छ। | | | |
| ३ | प्रस्तावित संस्थाको विनियमका प्रत्येक पृष्ठको शिर-पुछारमा तदर्थ सञ्चालक समितिका प्रत्येकले र अटेसम्मका अरू सदस्यहरूले सहीछाप गरेका दुई सक्कलै प्रतिहरू छन्। | | | |
| ४ | तदर्थ सञ्चालक समितिका प्रत्येकले शिर-पुछारमा सहीछाप गरेका प्रस्तावित संस्थाको अनुसूची ६ को नमुनामा तयार पारिएको कार्ययोजनाका दुई सक्कलै प्रतिहरू छन्। | | | |
| ५ | तदर्थ सञ्चालक समितिको अध्यक्षले दस्तखत गरेको अनुसूची ७ को नमुनामा रु. १०।- को टिकट टाँस भएको दरखास्त छ। | | | |
| ६ | दरखास्तवालाहरू सबै जनाले सहीछाप गरेको अनुसूची ८ को जस्तै संस्था दर्ता कार्यका लागि अधिकार प्रत्यायोजन-पत्र छ। | | | |
| ७ | दरखास्तवालाहरू सबै जनाको नेपाली नागरिकताको प्रमाण-पत्रको आफैंले सक्कल बमोजिम नक्कल ठीक, दुरुस्त छ भनी सहीछाप गरेको र तदर्थ सञ्चालक समितिका प्रत्येकको सम्भव भएसम्म नोटरी पब्लिकबाट समेत प्रमाणित गराएको प्रतिलिपि संलग्न छ। | | | |
| ८ | दरखास्तवालाहरू कम्तीमा पनि बचत तथा ऋणको विषयगत संस्था भए ३० जना, श्रमिक संस्था भए १५ जना र अन्य विषयगत वा बहुउद्देश्यीय संस्था भए ३० जना फरक परिवारका पर्दछन्। | | | |
| ९ | छिमेक वा समुदाय साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना वडाभित्र स्थायी रूपमा वा कम्तीमा ८५ प्रतिशत स्थायी रूपमा र बाँकी पनि स्थायित्व रहने गरी नै बसोबास गरिरहेका हुन् भन्ने व्यहोरा सहित वडा कार्यालयबाट संस्था दर्ता गरिदिन सिफारिस भइआएको छ। | | | |
| ९क | पेशाको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना त्यस्तो पेशाको सीप भएका वा उत्पादन कार्यमा संलग्न रहेका व्यक्तिहरू हुन् भन्ने शैक्षिक संस्था वा सम्बन्धित निकायको प्रमाण-पत्र वा वडा कार्यालयको सिफारिस-पत्रका साथै वडा कार्यालयबाट सबै जना प्रस्तावित संस्थाको कार्यक्षेत्रको स्थायी बासिन्दा हुन् वा कम्तीमा ३० प्रतिशत स्थायी रूपमा र बाँकी पनि विगत दुई वर्षदेखि स्थायित्व रहने गरी नै | | | |
| ९ख | अर्को सङ्गठनको साझा बन्धन हुने संस्थाको हकमा दरखास्तवालाहरू सबै जना त्यस्तो सङ्गठनका सदस्यहरू हुन् वा त्यसअन्तर्गत कार्यरत छन् र प्रस्तावित संस्थाको कार्यक्षेत्रमा बसोबास वा कामकाज गर्दछन् भन्ने व्यहोरा खोली प्रत्येकको सदस्यता वा नियुक्तिको प्रमाण समेत सोही सम्बन्धित सङ्गठनको आधिकारिक सिफारिस-पत्र प्राप्त भएको छ। | | | |
| १० | सि. नं. ९, ९.क र ९.ख को प्रयोजनका लागि कार्यक्षेत्र बाहिरको नागरिकता भएका दरखास्तवालाहरूको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिका साथै कार्यक्षेत्रभित्र बसोबास गरेको पुष्टि गर्ने देहायको कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि समेत छ :<br>▪ मतदाता परिचय-पत्र,<br>▪ बसाई-सराइको प्रमाण-पत्र;<br>▪ विवाह दर्ता प्रमाण-पत्र,<br>▪ जग्गाधनी पुर्जा, तिरो वा विद्युत् महसुल तिरेको रसिद वा<br>▪ घटनपटन-पत्र वा श्रमिकको रूपमा काम गरिबसेको निस्सा । | | | |
| ११ | दरखास्तवालाहरू सबै जनाले गाउँपालिका भित्र सोही प्रकृतिको अर्को कुनै संस्थाको सदस्यता लिएको छैन र साथै पहिले कुनै सहकारी संस्थामा संलग्न रही ऋण नतिरेका रकम हिनामिना वा कुनै बैंक वा वित्तीय संस्थाको कालो सूचीमा परेको पनि छैन भनी अनुसूची ९ को ढाँचामा स्व-घोषणा गरेका छन्। | | | |
| १२ | विषयगत बचत तथा ऋण संस्था, बचत तथा ऋणको कारोबारसमेत गर्ने अन्य विषयको कुनै संस्था वा बहुउद्देश्यीय संस्था भए विनियमको दफा ६ मा संस्थाको कार्यक्षेत्र एक वडामात्र रहने उल्लेख गरिएको छ र अन्य संस्था भए तापनि एकै वडामात्र कार्यक्षेत्र छ वा एकभन्दा बढी वडाहरू भए संस्थाको विशेष आवश्यकता (जस्तै– तीन वटा वडा भएर बग्ने खोलामा जलविद्युत् उत्पादन गर्ने योजना) का कारण प्रस्ट औचित्य छ। | | | |
| १३ | विनियमको दफा ५२ मा संस्थाको कुनै वर्षको खुद बचतबाट जगेडा कोषमा कम्तीमा २५ प्रतिशत छुट्याउने व्यवस्थाका साथै त्यसपछि बाँकी हुने रकमलाई १०० प्रतिशत मानी सोको कम्तीमा २५ प्रतिशत संरक्षित पुँजी कोषमा र १/२ प्रतिशत सहकारी प्रवर्धन कोषमा छुट्याउनुपर्ने उल्लेख गरिएको छ। | | | |
| १४ | संस्थाको व्यावसायिक योजना, सदस्यताको आधार र स्रोत परिचालनका पक्षहरू समेतको समुचित विश्लेषण गरिएको अनुसूची १० मा उल्लिखित विषयहरू समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन छ। | | | |
| १५ | दरखास्तवालाहरूले सेयर र प्रवेश शुल्कबापत जम्मा गरेको रकम तदर्थ सञ्चालक समितिका जिम्मावाल कसैको जिम्मामा छ भन्ने बेहोरा खुल्ने अनुसूची ११ बमोजिमको भर्पाई छ। | | | |
| १६ | दरखास्तवालाहरूको सहीछाप परेको फोटोसहित अनुसूची १२ को नमुनामा र तदर्थ सञ्चालक समितिका सदस्यहरूको अनुसूची १३ को नमुनामा थप विवरणसमेत प्राप्त छ। | | | |
| १७ | विद्यमान वडामा विद्यएको विषयको वा बहुउद्देश्यीय संस्थाहरू मिश्रित र कतिसम्म भएका कति-कतिसम्म दर्ता गर्ने भनी कानून बमोजिम निर्धारित मापदण्डले हुने सङ्ख्या पुगेको छैन। | | | |

## अनुसूची–३
## सुशासकीय मानकको जाँच

| क.सं. | नियामक सरोकारको विषय | रुजु | बेरुजु | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशन अनुसार दरखास्तवालाहरूको पहिचान तथा सम्पुष्टि हुने विवरण र कागजात प्राप्त भएको छ। | | | |
| २ | उपभोक्ता संस्था भए विनियममा सदस्यहरूबाट कुनै पनि प्रकारको बचत सङ्कलन गर्ने उद्देश्य (दफा ५) वा कार्य (दफा ६) मा छैन। | | | |
| ३ | उत्पादक वा श्रमिकको संस्था वा बहुउद्देश्यीय संस्था भए विनियममा सदस्यहरूको बचत परिचालन गर्ने उद्देश्य (दफा ५) वा कार्य (दफा ६) मा राखिएको छ भने नियमित बचत (अर्थात् महिनावारी प्रतिसदस्य रु. १।- देखि रु. १,०००।- सम्म) मात्र सङ्कलन गर्ने भनी उद्देश्य भए रूप र कार्य भए रूप र रकम प्रस्टै खुलाइएको छ। | | | |
| ४ | सि. नं. ३ को संस्थाको हकमा पुनः विनियमको (दफा ५८) मा सदस्यहरूबाट सङ्कलन गरिएको बचत रकमको जम्मा दायित्व जहिल्यै संस्थाको प्राथमिक पूँजी कोष (अर्थात् सेयर पूँजी र जगेडा कोष) को १५ गुनाभन्दा बढी नहुनुका साथै त्यस्तो बचत रकमको जम्मा दायित्व र सदस्यतर्फी वार्षिक खरिद-बिक्रीसमेतको जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी नहुने गरी सीमा तोकिएको छ। | | | |
| ५ | बचत तथा ऋणको विषयगत संस्था भए बचत खातामात्र खोल्न सक्ने ( अर्थात चल्ती वा मुद्दती खाता खोल्न नसक्ने) तथा जम्मा सङ्कलित बचत दायित्वको रकम जुनसुकै बखत प्राथमिक पूँजी कोष (अर्थात् सेयर पूँजी र जगेडा कोष) को १५ गुणा भन्दा बढी हुन नहुने गरी विनियमका दफा ५७ (२) (घ) र ५८ मा प्रस्ट जनाइएको छ। | | | |
| ६ | संस्थाको व्यावसायिक कार्ययोजना सहकारी ढाँचा (Co-operative model) मा तर्क सम्मत, सम्भाव्य र सदस्यहरूको आर्थिक प्रकृतिसँग ठीक-ठीक मिल्दो (जस्तै- जुत्ताकर्मीको संस्थाको हकमा छाला बिक्री, जुत्ता खरिद, जुत्ता उत्पादन, कार्यशाला निर्माण आदि) छ। नमिल्दो (जस्तै– जुत्ताकर्मीकै संस्थाको हकमा तरकारी खरिद, उपभोक्ता पसल सञ्चालन, साइकल मर्मत कार्यशाला निर्माण आदि) छैन। | | | |
| ७ | विनियमको (दफा ६१) मा सदस्यहरूबाट संस्थाले सङ्कलन गरेको बचतको रकम साधारण सभाबाट पारित बचत परिचालन निर्देशिकाअनुसार सदस्यहरूलाई नै ऋण दिने, तरलताका लागि नगदै राख्ने वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋणपत्र खरिद गर्ने बाहेक कुनै प्रयोजनमा लगाउन नपाइने गरी प्रतिबन्ध लगाइएको छ। | | | |
| ८ | विनियमको (दफा ५०) मा संस्थाले कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको आयोजनामा आफ्नो कोषको रकम लगाउन नहुने प्रावधान राखिएको छ। | | | |
| ९ | उत्तरदायित्व शृङ्खलामा असर पर्ने गरी कार्यकारी अध्यक्ष वा प्रबन्ध सञ्चालक जस्ता प्रावधान विनियममा (दफा ४४ वा अन्यत्र) कतै छैन। | | | |
| १० | सम्पत्ती शुद्धीकरण निवारण कानून अन्तर्गतको दायित्व पूरा गर्न आवश्यक व्यवस्थाहरू विनियममा (खास गरी दफा ८, ४६, ६६, ६७, ७६ र ८५ मा) गरिएका छन्। | | | |
| ११ | कसैलाई पनि सदस्यता लिएको तीन महिना व्यतीत नभई ऋण नदिइने व्यवस्थाका साथै ऋण दिंदा तरलताका लागि १५ प्रतिशत छुट्याएर हुने [illegible] रकम ६० लाख पुगेपछिको अवस्थामा त्यस्तो रकमको आधा प्रतिशतभन्दा बढी नदिइने गरी दफा ६० मा सीमाङ्कन गरिएको छ। | | | |
| १२ | एकीकृत सूचना प्रणालीमा आबद्धताको व्यवस्था विनियम दफा ७४ मा राखिएको छ। | | | |
| १३ | सूचनाको हक प्रत्याभूत गर्नुका साथै अग्रतापूर्ण खुलासाका लागि विनियममा प्रस्ट प्रावधान (दफा ७८) मा छ। | | | |
| १४ | सञ्चालक वा लेखा समितिका सदस्यहरूलाई ऋण प्रदान गर्ने वा उनीहरूको सुविधाका साथै व्यवस्थापकको पारिश्रमिक तोक्ने सम्बन्धमा वाञ्छित सीमाङ्कन सहितका प्रावधानहरू विनियम (दफा ३०, ६०, ६२ र ६४) मा छन्। | | | |
| १५ | नियामक निकायका निर्देशन लगायत आम सदस्यहरूका सरोकारका विषयहरू साधारण सभामा जानकारी गराउनुपर्ने व्यवस्था विनियम (दफा [illegible]) मा राखिएको छ। | | | |



## अनुसूची–४
## पहिलो प्रारम्भिक भेला : निर्णयहरुको नमुना

आज मिति ............ का दिन हामी तपसिलका व्यक्तिहरुले सहकारी संस्था खोली सदस्यहरुको आर्थिक तथा सामाजिक स्तर उठाउने अभिप्रायले श्री .................... को अध्यक्षतामा पहिलो प्रारम्भिक भेला गरी तपसिल बमोजिमका विषयहरुमा गहन छलफल एवं सान्दर्भिक निर्णय गरियो।

उपस्थिति :

| क.सं. | नाम थर | स्थायी ठेगाना | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रस्तावहरु :

१. संस्था गठन गर्ने ।
२. संस्थाको नाम र ठेगाना राख्ने ।
३. उदेश्य र कार्य तय गर्ने ।
४. कार्यक्षेत्र निर्धारण गर्ने ।
५. सेयर र प्रवेश शुल्कको रकम तोक्ने ।
६. तदर्थ सञ्चालक समिति गठन गर्ने ।
७. संस्थाको विनियम, कार्ययोजना, सम्भाव्यता अध्ययन प्रतिवेदन, आर्थिक तथा प्रशासनीक नियमावली (बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका) को मस्यौदा सम्बन्धमा ।
८. सेयर र प्रवेश शुल्क वापत उठेको रकम जिम्मा दिने ।
९. स्व-घोषण गर्ने ।
१०. दर्ता गर्ने अधिकारी समक्ष पुर्व परामर्श लिने
११. पूर्व सहकारी कक्षा चलाउने ।
१२. विविध ।
१३. संस्थाको छाप तथा चिन्ह निर्धारण सम्बन्धमा

**निर्णयहरू**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र विधिअनुरूप एकजुट भएर स्वावलम्बन, पारस्परिकता र किफायतको वृद्धि गर्दै आफ्नो आर्थिक-सामाजिक जीवनस्तर उठाउन विभिन्न व्यावसायिक सेवाहरू एवं सशक्तिकरणका कार्यहरू सञ्चालनार्थ सहकारी ऐन, नियम बमोजिम .............. सहकारी संस्था गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रस्तावित सहकारी संस्थाको नाम श्री .............................. सहकारी संस्था लिमिटेड राख्ने निर्णय गर्दै ठेगाना..............राखी दर्ता भएपछि कार्यालय स्थापना गर्ने निर्णय गरियो ।



**निर्णय नं. ३**

सदस्यहरूको व्यक्तित्व विकास, व्यावसायिक विकास र सामुदायिक विकासका उद्देश्य र तदनुसारका कार्यहरू विनियममा उल्लेख गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रस्तावित ........................सहकारी संस्था को कार्यक्षेत्र जुम्ला जिल्लाको तातोपानी गाउँपालिकाको वडा नं ............राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रस्तावित ....................सहकारी संस्था को प्रतिसेयर मूल्य रु................र प्रवेश शुल्क बापतको रकम रु...........राख्ने निर्णय गरियो ।

## अनुसूची–५

### दोश्रो प्रारम्भिक भेला : निर्णयहरुको नमुना

मिति ..................का दिन हामी तपसिलका व्यक्तिहरुको उपस्थितिमा प्रस्तावित......................सहकारी संथाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ...... को ध्यक्षतामा दोश्रो भेला बसी विधि विषयहरु माथि गहन छलफल गरि सान्दर्भिक निर्णय लिइयो

उपस्थिति :

| क.सं. | नाम थर | स्थायी ठेगाना | दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**प्रस्तावहरु :**

१. मस्यौदा विनियम पारित गर्ने :

२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारुप स्वीकृति गर्ने

३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने :

४. संस्था दर्ता पश्चात सेयर र सदस्य प्रवेश शुल्क बापत उठेको रकम बैङ्क खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने ।

५. स्व–घोषणा पत्रमा सहीछाप गर्ने :

६. आर्थिक एवं प्रशासनीक नियमावली परित गर्ने

७. बचत परिचालन निर्देशिका पारित गर्ने ।

८. विविध ।

## अनुसूची–६
## व्यवसायीक कार्ययोजनाको रुपरेखा

संस्थाको नाम :

ठेगाना :

(क) उदेश्य :

(ख) कार्यहरु :

(ग) आगामी ३ बर्षपछिको अवस्थाको प्रक्षेपण

(ग–१ ) सदस्यता विस्तार लक्ष्य

| विवरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य संख्या | | | | |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |
| जम्मा सदस्यमा दलित समुदायको प्रतिशत | | | | |
| जम्मा सदस्यमा जनजाति समुदायको प्रतिशत | | | | |



(ग–२ ) व्यवसायीक सेवा विस्तार लक्ष्य

| विवरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिमाण (......) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य (जना ) | | | | |
| सदस्यलाई वस्तु तथा सेवा बिक्रि | | | | |
| परिमाण (......) | | | | |
| रकम रु. | | | | |
| लाभान्वित हुने सदस्य (जना ) | | | | |
| सदस्यलाई रोजगारीको अवसर सृजना | | | | |
| प्रत्यक्ष रोजगारीको अवसर सृजना | | | | |
| प्रत्यक्ष पूर्णकालिन (जना) | | | | |
| अप्रत्यक्ष पूर्णकालिन (बर्षमा २,०८० घण्टाको १ जनाको हिसावमा जम्मा जना ) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक ) | | | | |
| रकम रु. | | | | |
| जना | | | | |
| सदस्यलाई बचत सेवा (मौजदात ) | | | | |
| रकम रु. | | | | |
| जना | | | | |

(ग–३) सहकारी गतिविधि विस्तार लक्ष्य :

| विवरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्य शिक्षा | | | | |
| गर्ने हेल उपयोगीय सदस्य बैठकहरु आयोजना (वार्षिक पटक ) | | | | |
| सामुदायिक विकासका योजनाहरु सञ्चालन | | | | |

(घ) पूँजीको श्रोत र उपयोग :

| विवरण | पहिलो बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकता | | | | |
| स्थिर पूँजी खर्च ( घर, जग्गा, फर्निचर, कारखाना, उपकरण, | | | | |

| | | | | |
|---|---|---|---|---|
| फर्निचर आदि) | | | | |
| चालु पूँजी तर्फ ( मौजदात मालसमान, उधारो बिक्रि, नगद मौजदात आदि) | | | | |
| ऋण लगानी तफ | | | | |
| जम्मा | | | | |
| श्रोत | | | | |
| सेयर पूँजी | | | | |
| जगेडा कोष | | | | |
| अन्य...... | | | | |
| सदस्यको बचत ( सदस्यलाई ऋण दिन मात्र ) | | | | |
| जम्मा | | | | |

(ङ) कार्यान्वयन जिम्मेवारी बाँडफाँड :

(१) सञ्चालक समितिको जिम्मेवारी

क)

ख)

ग)

(२) गाउँ/टोल/उपक्षेत्रीय बैठकको जिम्मेवारी

(क)

(ख)

(ग)

(३) लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी

(क)

(ख)

(ग)

(४) व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी

(क)

(ख)

(ग)

(५) प्रत्येक सदस्यहरुको जिम्मेवारी

(क)

(ख)

(ग)



(च) कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पर्ने प्रभावका सूचकहरु :

(क)

(ख)

(ग)

(घ)

(ङ)

(छ) कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेहीता स्थापना विधि :

(क)

(ख)

(ग)

(घ)

(ङ)

## अनुसूची ७
## दर्ता दरखास्तको नमुना

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
तातोपानी गाउँ कार्यपालिकाको कार्यालय,
सिताकोट, जुम्ला ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

संस्थासम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-
(च) दायित्व :-
(छ) सदस्य सङ्ख्या :-
(१) महिला ....... जना
(२) पुरुष ........ जना
(छ) प्राप्त सेयर पुँजीको रकम :– रु. ....
(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ..... ।

अनुसूचि १२ बमोजिम आवेदकहरुको तर्फबाट
नाम :
हस्ताक्षर :
पद : तदर्थ सञ्चालक समितिका अध्यक्ष
प्रस्तावित
.................सहकारी संस्था लि.

## अनुसूची–८
## अधिकार प्रत्यायोजनको नमुना

मिति :................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
तातोपानी गाउँकार्यपालिकाको कार्यालय,
लिताकोट, जुम्ला ।

विषय : अधिकार प्रत्यायोजन ।

महोदय,
यस प्रस्तावित ...........सहकारी संस्था लि. को मिति ........ मा बसेको दोश्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रो तर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम कारवाही गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक



समितिका अध्यक्ष श्री ........, .......... श्री .........., ............ श्री ............समेतलाई अधिकार प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध गर्दछौं । निजहरुले हाम्रो प्रतिनिधिको रुपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामी मञ्जुर छौं । अधिकार प्रत्यायोजन गरिएका व्यक्तिहरु :

| क.सं. | नाम थर | ठेगाना | पद | दस्तखत नमुना |
|---|---|---|---|---|
| १ | श्री...................... | | | |
| २ | श्री...................... | | | |
| ३ | श्री...................... | | | |

| क.सं. | सदस्यहरुको नाम थर | ठेगाना | सहिछाप |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

नोट : अधिकार प्रत्यायोजन पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

## अनुसूची ९
### स्व घोषणा पत्रको नमुना

प्रस्तावित श्री ............................................................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपशील बमोजिमका आवेदकहरुले प्रचलितकानून सम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक-सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न आयोग्य नभएको स्व-घोषणा गर्दछौं । हामी आवेदकहरु कोही पनि :-

(क) यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं;

(ख) बैङ्क, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/सङघ/राष्ट्रिय सहकारी बैङ्कको कानून बमोजिम कालो सूचीमा परेको व्यक्ति हैनौं;

(ग) यस अघि सहकारी संस्था खोली सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं;

(घ) सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति होइनौं;

(ङ) सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानून बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयमिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त व्यहोरा ठिक, साँचो हो । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला भनी सहिछाप गर्ने:-



| क.स | आवेदकको नाम थर | नागरिकता नं. जारी मिति र जिल्ला | हालको ठेगाना | सम्पर्क नं. | सहीछाप |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : सम्पुर्ण सदस्यको हस्ताक्षर एवं विवरण आवश्यक पर्ने ।

## अनुसूची–१०
### सम्भाव्यता अध्ययन प्रतिवेदनको विषयबस्तु

१. परिभाषा
२. संस्था गठन गर्नुपर्ने कारण
३. सदस्यताको जनसाङ्ख्यिक विवरण
४. सहभागिताको औचित्य
५. व्यवसायिक सम्भाव्यता
५.१. सदस्य केन्द्रीयताका आधारमा व्यवसायीक कारोबारको अनुमान ।
५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु ।
५.३ कारोबारबाट हुने बचत
६. पुंजी आवश्यकता र श्रोत
६.१ आवश्यकताको अनुमान
६.२ श्रोत
६.३ पुंजी परिचालनका तर्कसम्मत आधारहरु
७. बजार विश्लेषण

७.१ नजिकको बजार
७.२ टाढाको बजार
७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरु

८. कार्यक्षेत्रभि रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशनमा प्रस्तावित संस्थाको औचित्य ।

९. पहिलो स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरुका संलग्न हुन नसक्ने कारण ।

१०. महिला सशक्तिकरण र सामाजिक समावेशीकरण आयामहरु ।

११. जनशक्ति व्यवस्था ।

१२. संस्थाको विकास र स्थायीत्वका आधारहरु ।

## अनुसूची–५
### (नियम ४ को उपनियम (३) को खण्ड (ग) सँग सम्बन्धित)
### भर्पाइको ढाँचा

भर्पाइ दादै प्रस्तावित ...............सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका........... श्री ..................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरुको प्रारम्भिक भेलाको मिति.......... को निर्णय बमोजिम प्रति सेयर रु ...... का दरले .........जनाबाट जम्मा..............कित्ताको हुन आउने जम्मा रकम रु.............(अक्षरेपी रु. ............... मात्र) र प्रवेश शुल्क व्यक्ति रु. का दरले हुन आउने रु. ........(अक्षरेपी ............ मात्र) गरी जम्मा रु ........ (अक्षरेपी ................. मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैङ्क खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाइमा सहीछाप गरी तातोपानी गाउँपालिका मा पेश गरेको छु । प्राप्त रकम हाल मेरो.......... मा रहेको हिसाव नं.......... जम्मा गरी बैङ्क भौचर दाखिला गरेको छु । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोलेसम्म चलन नगरी सुरक्षित राख्नेछु र संस्थाको बैङ्क खाता खोलेपछि तत्काले दाखिला गर्नेछु । फरक परेमा कानुन बमोजिम कारवाही भएमा मेरो मञ्जुरी छ ।

इति संवत २०......साल .......महिना......गते रोज.......शुभम् ।



## अनुसूची १२
### आवेदकहरुको विवरण फारम

| क्र. सं. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्निको नाम थर | आवेदकको नाम, थर | उमेर | ठेगाना | पेशा | सेयरको विवरण | | | सम्पर्क नं. | औँठाछाप | फोटोमा पर्ने गरी सहीछाप |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रति सेयर रकम रु | खरिद शेयर संख्या | शेयरको जम्मा रकम | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूची १३

## तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारम

| क्र. सं. | बाजेको नाम थर | बाबुको नाम थर | पति वा पत्निको नाम थर | सञ्चालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औँठाछाप | फोटोमा पर्ने गरी सहीछाप | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |



# अनुसूची–१४

## सहकारी संस्था दर्ता किताव

| क्र. सं. | निर्णय मिति | संस्थाको नाम, ठेगाना | बर्गीकरण | सदस्य संख्या | | | | जम्मा प्राप्त शेयर पुँजी रु | जम्मा प्राप्त प्रवेश शुल्क रु | अध्यक्षको नाम, थर | दर्ता गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | अन्य | जम्मा | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## अनुसूची १५

संस्था दर्ता प्रमाण पत्रको नमुना

तातोपानी गाँउ कार्यापालिकाको कार्यालय

लिताकोट, जुम्ला ।

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं. :

तातोपानी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा ......... बमोजिम श्री......................... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

वर्गीकरण: ..............................................

कार्यालयको छाप :

दर्ता गरेको मिति :

दस्तखत :

नाम :

पद : प्रमुख प्रशासकिय अधिकृत

## अनुसूची १६

## सहकारी संस्थाको विनियमको नमुना

**प्रस्तावना :**

सहकारी सिद्धान्त, मूल्य र मान्यताहरू अवलम्बन गरी सदस्यहरूमा स्वावलम्बन र पारस्परिकताको भावनालाई बढवा दिएर आफ्नो आर्थिक, सामाजिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरूको बन्दोबस्त आफैंले मिलाएर परिश्रम, समानता र समताका मापदण्डमा समुदायका सबैको यथायोग्य लाभ हासिल हुने सहकारी सभ्यताको विकासमा समेत सहायता पुऱ्याउन................. सहकारी संस्थाको स्थापना गर्न तातोपानी गाउँपालिका सहकारी ऐन,



२०७४ को दफा ६ ले दिएको अधिकार प्रयोग गरी मिति ............ को प्रारम्भिक भेलाले यो विनियम बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

२. संस्थाको नाम र ठेगाना

३. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नगालेमा यस विनियममा:-

(क) 'ऐन' भन्नाले तातोपानी गाउँपालिका सहकारी ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) 'नियमावली' भन्नाले तातोपानी गाउँपालिका सहकारी नियमावली, २०७७ सम्झनुपर्दछ ।

(ग) 'दर्ता गर्ने अधिकारी' भन्नाले ऐनको दफा ६९ बमोजिम तोकिएको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ र सो शब्दले निजबाट अधिकार प्राप्त अधिकृत समेतलाई जनाउनेछ ।

(घ) 'संस्था' भन्नाले श्री ................... लिमिटेड सम्झनुपर्दछ ।

(ङ) 'सदस्य' भन्नाले दफा ७, ९ वा १३ बमोजिम संस्थाको सदस्यता प्राप्त गरेको व्यक्ति सम्झनुपर्दछ ।

(च) 'साधारण सभा' भन्नाले संस्थाको साधारण सभा सम्झनुपर्दछ ।

(छ) 'गाउँ/टोल/उपक्षेत्रीय बैठक' भन्नाले दफा ३१ को उपदफा (२) बमोजिमको संस्थाका सदस्यहरूको बैठक सम्झनुपर्दछ ।

(ज) 'समिति' भन्नाले दफा ३४ बमोजिम गठन भएको संस्थाको सञ्चालक समिति सम्झनुपर्दछ ।

(झ) 'सञ्चालक' भन्नाले समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेतलाई जनाउनेछ ।

(ञ) 'अध्यक्ष' भन्नाले समितिको अध्यक्ष सम्झनुपर्दछ ।

(ट) 'व्यवस्थापक' भन्नाले दफा ४४ बमोजिम नियुक्त संस्थाको व्यवस्थापक सम्झनुपर्दछ ।

(तल परिच्छेद ५ अन्तर्गत उल्लिखित कारणले गाउँ/टोल/उपक्षेत्रीय बैठकको आवश्यकता नपर्ने संस्थाको हकमा खण्ड (छ) झिकी खण्ड क्रम मिलाउनुपर्ने)

## परिच्छेद २
## संस्थाको क्षेत्र

४. उद्देश्य :

५. कार्य : (१)................ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनबमोजिम कुनै निकायको स्वीकृति लिनुपर्ने सेवा वा व्यवस्थाको हकमा संस्थाले सम्बन्धित निकायको स्वीकृति लिएपछि मात्र प्राप्त स्वीकृतिको सर्त-बन्देज अर्न्तगत रहि त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्नेछ ।

६. कार्यक्षेत्र : संस्थाको कार्यक्षेत्र तातोपानी गाउँपालिकाको वडा नं... हुनेछ ।

## परिच्छेद ३
## सदस्यता

७. संस्थाको सदस्य : (१) देहायका प्राकृतिक व्यक्तिहरू संस्थाको सदस्य हुनेछन् : (क) संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरू र (ख) दफा ८ बमोजिमको योग्यता पुगेका तथा दफा ९ बमोजिम सदस्यता वा दफा १३ बमोजिम पुनः सदस्यता प्राप्त गरेका व्यक्तिहरू ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूले दफा १७ बमोजिम संस्थाको सेयर खरिद गरी सदस्य हुन सक्नेछन् ।

८. सदस्यताको योग्यता : (१) संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको हुनुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाण-पत्र प्राप्त गरेको;

(ख) संस्थाको कार्यक्षेत्र भित्र स्थायी रूपमा वा कम्तीमा दुई वर्षदेखि नियमित रूपमा बसोबास भएको;

(ग) संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको;

(घ) संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको



कारोबार नभएको;

(ङ) यस विनियममा उल्लेख भएबमोजिम सदस्यको उत्तरदायित्व बहन गर्न स्वीकार गरेको

(च) समान प्रकृतिको अन्य कुनै सहकारी संस्थामा सदस्य नरहेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

९. सदस्यताका लागि निवेदन र प्राप्ति :

१०. सदस्यताको अन्त्य :

११. सदस्यको निष्कासन :

१२. सदस्यताबाट राजीनामा :

१३. पुनः सदस्यता :

१४. सदस्यको काम, कर्तव्य र अधिकार :

१५. सदस्यता खुला रहने :

१६. सदस्यता प्राप्ति, पुनः प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने :

## परिच्छेद ४
## पुँजी परिचालन

१७. सेयर पुँजी : (१) संस्थाको सेवा सञ्चालनका लागि आवश्यक रकम यथाशक्य सदस्यहरूले दफा १८ बमोजिम सदस्यताको सर्त स्वरूप र दफा १९ बमोजिम स्वेच्छाले खरिद गरेको सेयर बापतको पुँजीको रूपमा जुटाइनेछ ।

(२) संस्थाको एक सेयरको मूल्य रु. १००।- (रुपैयाँ एक सय) हुनेछ ।

(३) संस्थाले दफा ७ को उपदफा (२) मा उल्लेख गरिए बमोजिम सदस्य बन्न इच्छुक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका साथै नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएका निकायहरूलाई सेयर विक्री गर्न सक्नेछ । तर अन्य कुनै कृत्रिम व्यक्तिलाई सेयर विक्री गर्ने छैन ।

१८. सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने

१९. थप सेयर खरिद गर्न सक्ने

२०. सेयर फिर्ता वा हस्तान्तरण

२१. प्रवेश शुल्क

२२. कृत्रिम छेकबार नलगाइने : (१) संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिलाई दफा ८ को उपदफा (१) बमोजिम योग्यता नपुगेको वा उपदफा (२) मा उल्लिखित अवस्था भएकोमा बाहेक दफा १८ बमोजिम खरिद गर्नुपर्ने एक सेयरको वा दफा २१ बमोजिम बुझाउनुपर्ने प्रवेश शुल्कको रकम बढी राखेर वा औपचारिक वा अनौपचारिक रूपमा अघि र अहिलेको हिसाब मिलाउने वा अन्य कुनै प्रकारको सम्मतिको निहुँपिउँमा खुला सदस्यताको सर्वमान्य सहकारी सिद्धान्त विपरीत कृत्रिम छेकबार लगाइने छैन ।

(२) कुनै निवेदकले उपदफा (१) बमोजिम आफूलाई कृत्रिम छेकबार लगाइएको भन्ने लागेमा साधारण सभा वा दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिन सक्नेछ ।

२३. सेयर प्रमाण-पत्र :

२४. सदस्यको दायित्व सीमित हुने :

## परिच्छेद ५
## साधारण सभा

एकै कार्यस्थलको श्रमिक संस्था, एकै चक्ला, पाखा वा फाँटको सहकारी खेती संस्था अथवा एकै परिसर वा एउटै वडाभित्र पनि एकमात्र पायकमा पर्ने र २१० जना भन्दा बढी सदस्यता विस्तारको सम्भावना पनि नभएको संस्थाको हकमा दफा ३१, ३२ र ३३ आवश्यक नभए झिकी दफा क्रम मिलाउनुपर्ने ,

२५. प्रारम्भिक साधारण सभा :

२६. वार्षिक साधारण सभा :

२७. विशेष साधारण सभा : (१) ऐन तथा नियमावलीमा उल्लेख भएबमोजिमको अवस्था र विधिअनुसार संस्थाको विशेष साधारण सभा बस्नेछ ।



(२) उपदफा (१) को अवस्थाका साथै संस्थाको कार्य सञ्चालनका सिलसिलामा जुनसुकै महत्वपूर्ण निर्णय गर्नुपर्ने वा त्यस्तो निर्णयका लागि आवश्यक लेखाजोखा वा प्रस्तावको मस्यौदा गर्नु अगावै सैद्धान्तिक स्वीकृति वा मार्गदर्शन लिनुपर्ने अवस्थामा समितिले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

२८. साधारण सभाको बैठक : (१) साधारण सभाको बैठक डाकिएको सूचना र कार्यसूची सबै सदस्यहरूले समयमै प्राप्त गर्ने गरी 'एस.एम.एस', एफ.एम. रेडियो, पत्रपत्रिका लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

(२) साधारण सभाको बैठकमा सदस्यहरू स्वयं उपस्थित हुनुपर्नेछ ।

(३) समितिले साधारण सभाको बैठकमा पेस गरिने विषयको प्रस्तावका साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरूलाई बैठक बस्ने दिन अगावै यथासक्दो उपलब्ध गराउनुपर्दछ वा सजिलै उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्दछ ।

(४) साधारण सभाको बैठकमा उद्‌घाटनको कार्यक्रम राख्नु हुदैं न तथा विचार-विमर्शका लागि पर्याप्त समय छुट्ट्याउनुपर्दछ ।

तर यसमा लेखिएको कुनै कुराले संस्था स्थापना दिवसको अवसरमा उद्‌घाटनको कार्यक्रम राख्न बाधा पर्ने छैन ।

(५) साधारण सभाको बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य संख्या भन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्दछ ।

(६) ऐन तथा नियमावलीको व्यवस्था अनुसार सदस्य सङ्ख्या दुई हजार नाघेपछि एकै स्थानमा सबै जना जम्मा भएर साधारण सभाको बैठक गर्न असुविधा परी वडा-वडा वा पायकको स्थान-स्थानमा समान कार्यसूची राखेर साधारण सभा डाक्नुपर्दा प्रत्येक स्थानमा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू सबैलाई उपस्थितिका लागि डाक्नुपर्दछ ।

(७) उपदफा (६) मा उल्लिखित अवस्थामा सबै बैठकहरूको अध्यक्षता

गर्ने व्यक्तिहरूका साथै समितिका पदाधिकारीको जम्मा संख्याको कम्तीमा दोब्बर संख्या पुग्ने गरी प्रत्येक बैठकबाट कम्तीमा तीन जनाका दरले चुनिएका प्रतिनिधिहरूले साधारणतया अन्तिम बैठक बसेको सात दिनभित्र संस्थामा जम्मा भएर प्रत्येक पानामा सहीछाप गरी बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) उपदफा (६) को अवस्थामा प्रत्येक बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति र उपदफा (७) बमोजिम चुनिएका प्रतिनिधिहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नेछन् ।

(९) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै वा कुनै बैठकको अध्यक्षता गरेकोमा बाहेक सञ्चालक वा लेखा समितिका पदाधिकारीहरूले उपदफा (७) बमोजिम प्रमाणित हुने बैठकको निर्णय प्रमाणित गर्नु आवश्यक हुने छैन ।

(१०) साधारण सभाको बैठकको कार्यविधिका सम्बन्धमा अन्य व्यवस्था दर्ता गर्ने अधिकारीले तोकिदिए बमोजिम हुनेछ ।

२९. साधारण सभाको काम, कर्तव्य र अधिकार

३०. साधारण सभाको निर्णय अनिवार्य हुने : यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विषयमा साधारण सभाको निर्णय अनिवार्य हुनेछ :

(क) संस्थाको कार्यसञ्चालनका लागि कर्मचारी प्रशासन, परामर्शदाता नियुक्ति, आर्थिक प्रशासन लगायतका कार्यविधिहरू बनाउने;

(ख) संस्थाले नेपाल सरकार वा प्रदेश सरकारका निकाय, स्थानीय तह, अन्य सहकारी सङ्घसंस्था, गैरसरकारी संगठनसँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने;

(ग) निजी क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचासमेत तोकी पूर्व-स्वीकृति दिने;

(घ) संस्थाले कुनै निकायबाट ऋण लिने वा अन्यथा दीर्घकालीन भइपरि दायित्व सृजना गर्ने;

(ङ) बचत तथा ऋणको व्याजदर निर्धारण गर्ने;

(च) लेखापरीक्षकको नियुक्ति गर्ने वा पारिश्रमिक तोक्ने;

(छ) वार्षिक कार्यक्रम बजेटका साथै जुनसुकै योजना, नीति, रणनीति पारित गर्ने र



(ज) सञ्चालक वा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरूलाई वैदेशीक सभा, व्यापार मेला वा अवलोकन भ्रमण लगायतमा पठाउने ।

३१. गाउँ/टोल/उपक्षेत्रीय बैठक : (१) संस्थाका समस्त कृयाकलापहरुमा साधारण सदस्यहरू सबैको नियमित रूपमा प्रत्यक्ष एवं रचनात्मक सहभागिता सुगम बनाउन कार्यक्षेत्र अन्तर्गत साधारणतया ३० जनाभन्दा बढी सदस्य पर्ने पायकको गाउँ, टोल वा उपक्षेत्रमा संकलन, वितरण वा परिचालन सेवा संयोजनको बिन्दु पारेर साधारण सभाबाट तोकिए अनुसार सातवटा उपक्षेत्र कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कायम गरिएको प्रत्येक गाउँ/टोल/उपक्षेत्र भित्रका सदस्यहरू सबै जना स्वतः सहभागी हुने गरी सदस्य सहभागिताको विस्तारित मञ्चको रूपमा गाउँ/टोल/उपक्षेत्रीय बैठक रहनेछ ।

३२. गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू : (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकका कार्यहरू देहाय बमोजिम हुनेछन् :

(क) सदस्यहरूको आर्थिक उन्नयनका लागि समस्या तथा सम्भावनाहरूको सहभागिता मूलक लेखाजोखा गरेर व्यावसायिक योजना तर्जुमा गरी संस्थामा पठाउने;

(ख) सदस्यहरूका साथै समुदायका सबैले सामना गर्नु परिरहेको सामाजिक जीवन, विकास र संरक्षण तर्फका साझा समस्याहरूको सम्बोधनका लागि सरोकारवालाहरू सँग मिलेर कार्ययोजनाहरू तर्जुमा एवं कार्यान्वयन व्यवस्था मिलाउने;

(ग) शिक्षा शिविर लगायतका शैक्षिक एवं जनचेतनामूलक गतिविधिहरू विस्तार गरेर समुदायमा सहकारी जागृति ल्याउने;

(घ) संस्थाका सेवाहरूको सञ्चालनमा क्रियाकलाप केन्द्रको रूपमा कार्य, स्रोत तथा साधनको जिम्मा लिएर सक्रिय भूमिका खेल्ने;

(ङ) गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकारका निकायहरू र गैरसरकारी सङ्गठनहरूबाट प्राप्त हुने सेवाहरूमा सदस्यहरूको पहुँच दिलाउन संस्था मार्फत् प्रदायकहरूसँग सम्पर्क स्थापना, बैठकमा आमन्त्रण, सहकार्यको प्रस्तावसमेतका पहलकदमी लिने;

(च) समुदायका विपन्न सदस्यहरूसम्म सदस्यता विस्तार गर्नुका साथै संस्था तथा सम्बन्धित प्रदायकहरूबाट प्राप्त हुने सेवाहरूमा उनीहरूको पहुँच स्थापित गराउने;

(छ) संस्थाको नेतृत्व पङ्क्तिले सदस्यहरूको अपेक्षा अनुसार कार्य गरे, नगरेको बहस चलाएर विचलनहरूमा खबरदारी गर्ने;

(ज) आफ्नै प्रयासबाट जीविकोपार्जनका आधारहरू फराकिला पार्न सकिन्छ भन्ने खालका रचनात्मक अभ्यासहरूबाट पहिचान बनाउने

(झ) यस विनियमका व्यवस्थाका साथै साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन एवं सोको सिलसिलामा आवश्यक अन्य कार्यहरू गर्ने ।

(२) समितिले संस्थाको रणनीति, व्यावसायिक योजना वा कार्यक्रम बजेट तर्जुमा गर्दा गाउँ/टोल/उपक्षेत्रीय बैठकबाट प्राप्त प्रस्तावहरूमा ध्यान दिनुका साथै आम रूपमा सदस्यहरूलाई असर पर्ने खालको कुनै प्रस्तावको मस्यौदामा गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिक्रिया लिएर प्राप्त प्रतिक्रियाको विवरण समेत खुलाएर साधारण सभामा पेस गर्नुपर्नेछ ।

३३. गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्य व्यवस्था : (१) गाउँ/टोल/उपक्षेत्रीय बैठकको कार्यव्यवस्था मिलाउन देहाय बमोजिमको संयोजन समिति रहनेछ :

(क) दफा ३४ बमोजिम गाउँ/टोल/उपक्षेत्रीय बैठकको प्रतिनिधित्व गर्ने समितिको सदस्य – संयोजक

(ख) सदस्यहरू मध्येबाट निर्वाचित – कोषाध्यक्ष

(ग) सदस्यहरू मध्येबाट निर्वाचित दुई जना – सदस्य

(घ) सदस्यहरू मध्येबाट निर्वाचित – सदस्य-सचिव ।

(२) उपदफा (१) बमोजिम संयोजन समिति गठन गर्दा उपलब्ध भएसम्म कम्तिमा दुई जना महिला हुनुपर्नेछ ।

(३) गाउँ/टोल/उपक्षेत्रीय बैठक प्रत्येक महिना कम्तीमा एक पटक पर्ने गरी आवश्यकता अनुसार बस्नेछ ।

(४) गाउँ/टोल/उपक्षेत्रीय बैठकमा अन्तर्गतका सबै सदस्यहरूलाई अनिवार्य रूपमा डाक्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले बैठकको कार्यसूची तयार पार्ने वा निर्णय कार्यान्वयन गर्ने सिलसिलामा संयोजन



समितिका सदस्यहरू मात्र बसी बैठक राख्न बाधा पर्ने छैन ।

(५) गाउँ/टोल/उपक्षेत्रीय बैठकको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ र उपस्थित सदस्यहरूको बहुमतबाट जुनसुकै निर्णय गर्न सकिनेछ ।

## परिच्छेद ६
## प्रतिनिधिमूलक अङ्गहरू

३४. सञ्चालक समिति : (१) संस्थाको दैनिक कार्यसञ्चालनका लागि साधारण सभाले एक-एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षसमेत जम्मा ११ जनाको सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको गठन गर्दा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको निर्वाचन साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट र बाँकी सदस्यहरूको निर्वाचन दफा ३१ को उपदफा (१) बमोजिम कायम हुने उपक्षेत्रहरू प्रत्येकबाट एक जना पर्ने गरी सम्बन्धित उपक्षेत्र भित्रका सदस्यहरू मध्येबाट गरिनेछ ।

तर संस्था दर्ता भएकै वर्षबाहेक कुनै सदस्य सदस्यता लिएको एक वर्ष व्यतीत नभई सञ्चालकमा उम्मेदवार बन्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम निर्वाचन गर्दा उपलब्ध भएसम्म कम्तीमा ३३ प्रतिशत (अर्थात् चार जना) महिला पर्ने गरी प्रत्येक निर्वाचनमा कम्तीमा तीन वटा फरक गाउँ/टोल/उपक्षेत्रीय बैठकहरूबाट महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने र साथै अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये समेत प्रत्येक निर्वाचनमा फरक पर्ने गरी कम्तीमा एउटा पदमा महिला सदस्यहरू मध्येबाट मात्र उम्मेदवार बन्ने गरी साधारण सभाले निर्णय गर्नेछ ।

(४) सञ्चालकहरूको पदावधि तीन वर्ष हुनेछ तथा उनीहरू पुन: निर्वाचित हुन सक्नेछन् । तर एकै व्यक्ति लगातार दुई पटक भन्दा बढी अध्यक्षमा निर्वाचित हुन सक्ने छैन ।

(५) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि उपनिर्वाचनबाट पूर्ति गरिनेछ ।

(६) उपदफा (५) बमोजिम उपनिर्वाचन गर्दा उपदफा (३) बमोजिम

महिला सदस्यहरू मध्येबाट उम्मेदवार भई निर्वाचित भएको पद रिक्त भएको भए तदनुसार नै गरिनेछ ।

(७) नयाँ समितिको निर्वाचन नभएसम्म मौजुदा समितिले नै कार्य गर्नेछ । माथि परिच्छेद ५ अन्तर्गत उल्लिखित कारणले दफा ३१, ३२, र ३३ आवश्यक नपर्ने संस्थाको हकमा उपदफा (२) झिक्नुका साथै (३) मा पनि तद् अनुसार संशोधन गरी मिलाउनुपर्ने

३५. समितिको काम, कर्तव्य र अधिकार

३६. समितिको बैठक

३७. लेखा सुपरिवेक्षण समिति : (१) नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरूको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन साधारण सभाले एक जना संयोजक र दुई जना सदस्यहरू रहेको लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ ।

(३) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ ।

३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :

३९. समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था :

४०. उपसमितिहरूको गठन :

४१. प्रतिनिधित्व :

## परिच्छेद ७
## कार्यसञ्चालन

४२. उत्तरदायित्व श्रृङ्खला : संस्थाको कार्यसञ्चालनमा नियुक्त कर्मचारीहरू निर्वाचित समितितर्फ र निर्वाचित प्रतिनिधिहरू साधारण सभातर्फ उत्तरदायी रहने गरी उत्तरदायित्व शृङ्खला कायम गरिनेछ ।

४३. अध्यक्षको काम, कर्तव्य र अधिकार :

४४. व्यवस्थापकको नियुक्ति :

४५. व्यवस्थापकको काम, कर्तव्य र अधिकार :



४६. विशेष जिम्मेवारी : समिति, अध्यक्ष र व्यवस्थापकले यस विनियममा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका साथै सम्पत्ति शुद्धीकरण निवारण कानून अन्तर्गत संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरू सम्पादन गर्ने, गराउने विशेष जिम्मेवारीसमेत बहन गर्नुपर्नेछ ।

४७. कर्मचारीको नियुक्ति तथा सेवाका सर्त :

## परिच्छेद ८
## कोषको व्यवस्था

४८. संस्थाको कोष :

४९. कोषको सुरक्षा :

५०. कोषको उपयोग : (१) संस्थाको कोषको उपयोग ऐन, नियमावली तथा यस विनियमका व्यवस्थाहरूको अधीनमा रही संस्थाका उद्देश्यहरू हासिल गर्ने गरी कार्यहरूको सञ्चालनका लागि गरिनेछ ।

(२) संस्थाको कोषको रकम कुनै कम्पनीको सेयर खरिद गर्न वा निजी फर्म, विद्यालय, कलेज, नर्सिङ होम वा नाफामा सहभागी हुने खालको उद्योग, व्यवसाय वा अन्य आयोजनामा लगाइने छैन ।

५१. खाता सञ्चालन :

५२. बचतको वितरण : (१) संस्थाको कुनै वर्षको खुद बचतको रकमबाट कम्तीमा २५ प्रतिशत जगेडा कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जगेडा कोषमा सारेर बाँकी रहेको रकमलाई १०० प्रतिशत मानी सोको वितरण देहायबमोजिम गरिनेछ :

(क) संरक्षित पूँजी कोष कम्तीमा २५ प्रतिशत;

(ख) सहकारी शिक्षा कोष १५ प्रतिशत;

(ग) सेयर लाभांश कोष २० प्रतिशत;

(घ) कर्मचारी बोनस कोष ८ प्रतिशत;

(ङ) सहकारी विकास कोष ५ प्रतिशत;

(च) घाटापूर्ति कोष १० प्रतिशत;

(छ) सामुदायिक विकास कोष १० प्रतिशत;

(ज) सहकारी प्रवर्धन कोष ०.५ प्रतिशत;

(ञ) साधारण सभाले स्वीकृत गरेको स्थिरीकरण वा अन्य जोखिम व्यवस्था कोष १.५ प्रतिशत र

(ट) सदस्य हित कोष ५ प्रतिशत ।

५३. जगेडा कोष :

५४. संरक्षित पूँजी फिर्ता : दफा ५२ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कोषबाट नियमावली बमोजिम कारोबारको आधारमा संरक्षित पूँजी फिर्ता गरिनेछ ।

५५. लाभांश वितरण नगरिने: कुनै वर्षको सेयर लाभांश दफा ५२ को उपदफा (२) को खण्ड (ग) मा उक्त वर्षको खुद बचतबाट सारिएको रकमभन्दा बढी हुने गरी वा सदस्यले खरिद गरेको सेयरको रकमको १८ प्रतिशतभन्दा बढी हुने गरी वितरण गरिने छैन ।

५६. जगेडा कोषमा रकम सार्नुपर्ने :

## परिच्छेद ९
## बचत परिचालन

बचत तथा ऋणको विषयगत संस्थाबाहेक कुनै पनि उपभोक्ता संस्थाले बचत परिचालन गर्न नसक्ने हुँदा स्वास्थ्य, उपभोक्ता पसल, जलविद्युत्ल गायतका उपभोक्ता संस्थाहरू र दफा ५ मा बचत सङ्कलन गर्ने कार्य नपरेका उत्पादक वा श्रमिक संस्थाहरूको हकमा समेत यो परिच्छेद पूरै झिकेर परिच्छेद् एवं दफा क्रम मिलाउनुपर्ने

५७. बचत सङ्कलन गर्न सक्ने : (१) संस्थाले ऐन, नियमावली, यस विनियमका व्यवस्था र साधारण सभाबाट स्वीकृत बचत परिचालन निर्देशिकाका सर्त-बन्देज अन्तर्गत सदस्यहरूबाट बचत सङ्कलन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बचत परिचालन निर्देशिकामा अन्य कुराका अतिरिक्त दफा ५८, ५९, ६०, ६१ र ६२ का व्यवस्थाका साथै देहायका सर्त-बन्देजहरू समावेश गरिनेछन् :

(क) योजनाको उद्देश्य फारु गर्ने बानी बसालेर अड्कोफड्को टारी ऋणग्रस्त हुनुबाट बच्नुका साथै पाँच-सात वर्षभित्रै जेथा जोड्न सक्ने



बन्ने हुनुपर्ने;

(ख) सदस्यहरूबाट मात्र बचत सङ्कलन गर्नुपर्ने;

(ग) मासिक रूपमा एक जना सदस्यले रु. १।- देखि १,०००।- सम्म मात्र बचत जम्मा गर्न सक्ने;

(घ) सदस्यहरूको बचत खातामात्र खोल्न सकिने;

(ङ) सदस्यहरूले संस्थामै आई बचत जम्मा गर्नुपर्ने; संस्थाले बजार प्रतिनिधि वा अन्य कुनै नामको प्रतिनिधि, अभिकर्ता वा कर्मचारी सदस्यहरूको घर-घरै खटाएर बचत उठाउन नहुने;

(च) आर्थिक सुरक्षाको न्यूनतम स्तरको रूपमा दुई महिनाको पारिवारिक निर्वाह खर्चको रकम रु. १५,७३०।- भन्दा बढी बचत राख्ने सदस्यले त्यसपछिको प्रत्येक रु. १,०००।- का लागि थप एक सेयर खरिद गर्नुपर्ने;

(छ) ऐनबमोजिम तोकिएको सन्दर्भ व्याजदर अनुसार बचत तथा ऋणको व्याजदर निर्धारण हुने र

(ज) ऋणमा व्याज पुँजीकरण नगरिने तथा व्याज गणना गर्दा तिर्न बाँकी सावाँ रकमको आधार लिइने तर भाखा नाघेको खण्डमा वार्षिक ३ प्रतिशत सम्म हर्जाना लिन सकिने । विषयगत बचत तथा ऋण संस्थाको हकमा खण्ड (ग) झिकी खण्ड क्रम मिलाउनुपर्ने

५८. बचत सङ्कलनमा सीमा : (१) संस्थाको जम्मा बचत दायित्व जुनसुकै बखत प्राथमिक पूँजी कोषको १५ गुनाभन्दा बढी हुने छैन ।

**स्पष्टीकरण :** यस उपदफाको प्रयोजनका लागि प्राथमिक पूँजी कोषको गणना गर्दा सेयर पूँजीको रकममा जगेडा कोषको रकम जोडी हुन आउने रकमको ३० प्रतिशत लिइनेछ । विषयगत बचत तथा ऋण संस्थाको हकमा यो स्पष्टीकरण झिक्नुपर्ने

(२) संस्थाको जम्मा बचत दायित्वको रकम कुनै पनि वर्ष जम्मा बचत दायित्वको रकममा ऐन तथा नियमावलीमा तोकिएबमोजिम वार्षिक सदस्यतर्फी खरिद वा बिक्री कारोबारको रकम जोडी हुन आउने जम्मा कारोबारको ३० प्रतिशतभन्दा बढी हुने छैन । विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा झिक्नुपर्ने

५९. ऋण दिन सक्ने : (१) संस्थाले तरलताका लागि १५ प्रतिशत वा दर्ता

गर्ने अधिकारीले तोकिदिएको अन्य कुनै सीमा सम्मको रकम छुट्ट्याएर सदस्यहरूलाई देहाय बमोजिम ऋणको रूपमा दिन सक्नेछ :

(क) सदस्यको व्यक्तिगत बचतको तीन गुणासम्म आफ्नै बचतको सुरक्षणमा र

(ख) सदस्यको व्यक्तिगत बचतको छ गुनासम्म सदस्यका साथै सामूहिक जमानी बस्ने सदस्यहरूको बचतको सुरक्षणमा । तर यस उपदफाबमोजिम एक जना सदस्यलाई प्रदान गरिने ऋणको रकम रु. १ लाखभन्दा बढी हुने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समूहको जमानीविना वा रु. १ लाख भन्दा बढी रकम ऋण लिन चाहेमा चल-अचल सम्पत्ति धितो राखेर दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने ऋण शैक्षिक, आवास, स्वास्थ्योपचा, रोजगारीमूलक वा उत्पादनमूलक प्रयोजनका लागि मात्र हुनेछ । तर यस उपदफामा लेखिएको कुनै कुराले अभाव, घटना वा अन्य अड्कोपड्को पर्दा उपदफा (१) बमोजिम उपभोग, कर्मकाण्ड वा अन्य औचित्यपूर्ण प्रयोजनमा ऋण दिन बाधा पर्ने छैन ।

(४) उदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सदस्यता लिएर नियमित रूपमा बचत जम्मा गर्न थालेको तीन महिना व्यतीत नहुँदै संस्थाबाट कसैलाई पनि ऋण प्रदान गरिने छैन ।

(५) ऋण प्रवाहमा प्राथमिकता लगायतका अन्य व्यवस्था बचत परिचालन निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

६०. ऋण प्रवाहमा सीमा : (१) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाबाट कुनै एक सदस्यलाई दफा ५९ को उपदफा (१) बमोजिम तरलता व्यवस्था पछिको लगानी योग्य रकमको आधा प्रतिशतभन्दा बढी ऋण दिन सकिने छैन । तर लगानी योग्य र कम रु. ६० लाख नपुग्दा सम्म यो बन्देज लागू हुने छैन ।

(२) उदफा (१) को अधीनमा रही कुनै सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको पदाधिकारीलाई दिन सकिने ऋणको सीमा साधारण सभाले बेला-बेलामा तोकिदिए बमोजिम हुनेछ ।

६१. ऋण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने : संस्थाले सङ्कलन गरेको बचतको रकम दफा ५७ बमोजिम स्वीकृत बचत



परिचालन निर्देशिकाका सर्त-बन्देज अन्तर्गत सदस्यहरूलाई ऋण दिने बाहेकको कुनै प्रयोजनमा लगाइने छैन ।

तर यसमा लेखिएको कुनै कुराले बचतको रकम तरलता बापत नगदै राख्न वा नेपाल राष्ट्र बैङ्कले जारी गरेको ट्रेजरी बिल वा विकास ऋण पत्र खरिदमा उपयोग गर्न बाधा पर्ने छैन ।

६२. साधारण सभाको स्वीकृति लिनुपर्ने : समितिले देहायका विषयमा दर्ता गर्ने अधिकारीले तोकिदिएको मानदण्डको प्रतिकूल नहुने गरी साधारण सभाको स्वीकृति लिनुपर्नेछ :

(क) लगानीमा रहेको ऋण मिनाहा दिनुपर्दा, अपलेखन गर्नुपर्दा वा ऋणका सर्त-बन्देजहरू फेर्नु पर्दा;

(ख) संस्थाको स्व-प्रयोजनका लागि जग्गा, घरलगायतका अचल सम्पत्ति खरिद गर्नु पर्दा र

(ग) व्यवस्थापकको तलब वा सुविधा बढाउनु पर्दा ।

## परिच्छेद १०
## कारोबारमा सीमाङ्कन

६३. सदस्य केन्द्रियता : (१) संस्थाले देहाय बमोजिम गरी व्यावसायिक सेवामा सदस्य केन्द्रियता कायम गर्नेछ :

(क) सदस्यहरूको उत्पादनको सञ्चय, प्रशोधन एवं बजारीकरण व्यवसायमा विक्री बजारमा जहाँ सुकै गरे तापनि खरिद सदस्यहरू सँग बाट मात्र गरेर;

(ख) सदस्यहरूलाई आवश्यकताका चीजबीज वा सेवा सुलभ गराउने व्यवसायमा खरिद बजार जहाँ सुकै बाट गरे तापनि विक्री सदस्यहरूलाई नै गरेर;

(ग) स्व-रोजगारी योजनाअन्तर्गत कच्चापदार्थ वा उत्पादित वस्तु बजार जहाँसुकै खरिद- विक्री गरे तापनि स्व-रोजगारीको अवसर सदस्यहरूलाई मात्र दिलाएर र

(घ) बचत परिचालन सेवामा बचत सङ्कलन र ऋण लगानी दुवै पूर्णतया सदस्यहरूमै सीमित गरेर । यो उपदफाका खण्डहरू मध्ये

श्रमिक संस्थाको हकमा (क) र (ख), उत्पादक संस्थाको हकमा (ख) र (ग) अनि उपभोक्ता संस्था मध्ये बचत तथा ऋण संस्थाको हकमा (क), (ख) र (ग) तथा अन्य उपभोक्ता संस्थाको हकमा (क), (ग) र (घ) भिकी खण्ड क्रम वा उपदफामा नै शब्दावली मिलाउनुपर्ने

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गैर व्यावसायिक सेवाहरूमा सदस्य र गैर सदस्यबीच पहुँचमा कुनै किसिमले विभेद गरिने छैन ।

(३) सहकारी परम्पराअनुरूप विशेष अवस्थाका गैर सदस्यहरूलाई व्यावसायिक सेवाहरू प्रदान गर्नु पर्दा सदस्य र गैरसदस्यबीच प्रत्यक्ष वा अप्रत्यक्ष कुनै किसिमले मूल्यमा फरक गरिने छैन । विषयगत बचत तथा ऋण संस्थाको हकमा यो उपदफा भिक्नुपर्ने

६४. स्वार्थ बाझिने निर्णयमा सहभागितामा प्रतिबन्ध :

६५. कर्मचारीसँगको कारोबारमा निर्बन्धन : संस्थाका कर्मचारी र संस्थाबीचको कारोबार दर्ता गर्ने अधिकारीबाट जारी भएको निर्देशन बमोजिम निर्बन्धित हुनेछ ।

६६. जोखिम मूल्याङ्कन : संस्थाले सदस्यता प्रदान गर्दा वा कारोबार गर्दा नियामक निकायबाट जारी भएको सम्पत्ति शुद्धीकरण निवारण निर्देशन बमोजिम जोखिम मूल्याङ्कन गरिनेछ ।

६७. कारोबार नगरिने : सम्पत्ति शुद्धीकरण निवारण कानुन अन्तर्गत नियामक निकायबाट जारी भएको निर्देशनका व्यवस्था विपरीत संस्थाबाट कसैसँग कुनै कारोबार गरिने छैन ।

## परिच्छेद ११
## अभिलेख

६८. कारोबारको लेखा : संस्थाको आर्थिक कारोबारको लेखा दर्ता गर्ने अधिकारीले तोकेको लेखामान एवं खाता संरचनाबमोजिम राखिनेछ ।

६९. खाताबही :

७०. आन्तरिक हिसाब जाँच :

७१. वार्षिक हिसाब जाँच :



७२. विद्युतीय लेखा प्रणालीको प्रयोग : संस्थामा विद्युतीय लेखा प्रणालीको प्रयोग गर्दा सम्पत्ति शुद्धीकरण जोखिम मूल्याङ्कन गरी दर्ता गर्ने अधिकारीको पूर्व-स्वीकृति लिइनेछ ।

७३. अन्य आधारभूत कागजात :

## परिच्छेद १२
## प्रतिवेदन

७४. एकीकृत सूचना प्रणालीमा आबद्धता : समितिले संस्थाका सम्पूर्ण वित्तीय तथा व्यवस्थापकीय सूचना नियामक निकायबाट स्थापित सहकारी सूचना प्रणालीमा एकीकृत गरी निरन्तर तत्क्षण (रियल टाइम) अद्यावधीकरण गर्ने व्यवस्थासमेत मिलाउनुपर्दछ । तर यसमा लेखिएको कुनै कुराले संस्थाले प्रचलित कानून बमोजिम गोप्य राख्नुपर्ने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

७५. दर्ता गर्ने अधिकारीसमक्ष प्रतिवेदन :

७६. वित्तीय जानकारी एकाइमा प्रतिवेदन : सम्पत्ति शुद्धीकरण निवारण कानुन बमोजिम वित्तीय जानकारी एकाइमा प्रतिवेदन गर्नुपर्ने कारोबारको प्रतिवेदन नियमित रूपमा, निर्धारित समयभित्रै पठाइनेछ ।

७७. साधारण सभामा जानकारी गराउनुपर्ने : अध्यक्ष वा प्रतिनिधिले देहायका विषयको संक्षिप्त व्यहोरा सहितको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुपर्नेछ :

(क) संस्थाले सदस्यता लिएको सहकारी सङ्घ वा बैङ्कबाट भएका निर्णयहरू;

(ख) कुनै निकायबाट संस्थालाई प्राप्त वित्तीय वा गैरवित्तीय सहयोगको र कम वा प्रतिबद्धता र

(ग) दर्ता गर्ने अधिकारी वा प्रचलित कानून बमोजिम नियामक निकायका तर्फबाट प्राप्त सुझाव, टिप्पणी वा निर्देशन वा जारी मापदण्ड, निर्देशिका वा नीतिहरू ।

७८. सूचनाको हक तथा अग्रतापूर्ण खुलासा :

७९. सूचनाको संरक्षण :

## परिच्छेद १३
## विविध

८०. हकवालाको मनोनयन :

८१. हक दाबी वा नामसारी :

८२. निर्वाचन :

८३. शपथ ग्रहण :

८४. एकीकरण वा विभाजन :

८५. कार्यान्वयन अधिकारी : (१) समितिले सम्पत्ति शुद्धीकरण निवारण कानून बमोजिम अधिकृत स्तरको कर्मचारीलाई कार्यान्वयन अधिकारी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकारी नतोकिएसम्म व्यवस्थापकले नै कार्यान्वयन अधिकारीको रूपमा कार्य गर्नेछ ।

८६. मध्यस्थता ।

८७.समानता र समता : (१) संस्थाको कार्यसञ्चालनका समस्त प्रक्रियाहरूमा सदस्यहरू माझ आर्थिक योगदान वा अन्य कुनै आधार मा भेदभाव नगरी समान हैसियतमा सहभागी हुने अवसर प्रदान गरिनेछ ।

(२) लैङ्गिक विभेदका कारण आम रूपमा न्यून भइरहेको नेतृत्व पङ्क्तिमा महिला उपस्थिति बढाउनका साथै सञ्चालकीय भूमिकामा अपाङ्गता भएका वा लक्षित समुदायका सदस्यहरूलाई प्रोत्साहन दिन जो-चाहिने समतामूलक व्यवस्थाहरू गरिनेछन् ।

८८. विनियम संशोधन ।

८९. साधारण सभाले कार्यविधि बनाउन सक्ने ।

९०. व्याख्या गर्ने अधिकार ।

९१. ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

**आज्ञाले**
विष्णु प्रसाद धिताल
प्रमूख प्रशासकिय अधिकृत